**Reliance Finance Limited**
**रिलायन्स फाइनान्स लिमिटेड**

Regd. No.: 1153/065/066
(Authorised by Nepal Rastra Bank)
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)

च.न..२४१४/०७५/७६

मिति : २०७६/०२/०५

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
यु.एन.आई. शान्तिमार्ग, काठमाण्डौं

**विषय : वार्षिक साधारण सभा बस्ने तथा शेयर धनी दर्ता किताब बन्द रहने जानकारी बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०७६/०२/०५ गते दिनको २:०० बजे बसेको संचालक समितिको बैठकले निम्न लिखित निर्णय गरेको हुँदा जानकारीको लागि अनुरोध छ ।

१. संस्थाको आठौं तथा नवौं वार्षिक साधारण सभा बस्ने सम्बन्धमा निम्न मिति समय र स्थानमा बस्ने र निम्न प्रस्ताव उपर छलफल गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : **२०७६ साल जेष्ठ महिना २७ गते (तदनुसार १० जुन, २०१९)**
स्थान : लैनचौर व्याङ्क्वेट, लैनचौर काठमाण्डौ ।
समय : दिनको ११:०० बजे ।

**छलफलका विषयहरु :**

क) **सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आठौं तथा नवौं वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।
३. आ.ब.२०७४।०७५ को लागि यस संस्थाका लेखापरिक्षक चार्टड एकाउण्टेण्ट श्री सुन्दरमान श्रेष्ठ (एफ.सि.ए.) लाई कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट लेखापरिक्षक नियुक्तिको स्विकृति लिइ लेखा परिक्षण गराएकोलाई अनुमोदन गर्ने ।
४. लेखापरीक्षकको प्रतिवेदन सहित आ.ब. २०७४/७५ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने ।
५. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०७५/७६ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारीस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
६. संस्थाको संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७४/०७५ मा भएको मुनाफाबाट संस्थाको (१२ प्रतिशत बोनश शेयर दिए पश्चात कायम हुने पूँजीं) कुल चुक्ता पूँजी रु.८३,२४,१६,०६३/- को २.५० (दुई दशमलव पचास) प्रतिशतका दरले रु.२,०८,१०,४०२/- नगद लाभाँश र कर प्रयोजनार्थ ०.१३ प्रतिशतका दरले रु.१०,९५,२८४/- गरि जम्मा २.६३ प्रतिशतका दरले रु.२,१९,०५,६८६/- नगद लाभाँश शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**Head Office:**
G.P.O.Box: 20136, BJ Bhawan, Pradarshani Marg, Kathmandu
Tel: 4223117, 4261104, 4261041, 4261167
Fax: 977-1-4220698

**Dharma Path Branch:**
Dharma Path, New Road
Kathmandu, Nepal
Tel: 4245104, 4245105

**Pokhara Branch:**
Mahendrapool, Pokhara
Ward No.- 4, Kaski
Tel.: 061-523581, 530

**Narayangarh Branch:**
Shahid Chowk, Narayangarh
Ward No.- 3, Chitawan

**Besishahar Branch:**
Besishahar
Ward No.- 10, Lamjung
Tel.: 066-520815, 520816
Fax: 977-066-520814

७. संञ्चालक समितिमा संस्थापकको तर्फबाट प्रतिधित्व गर्ने सञ्चालक संख्या ३ जना र सर्वसाधारण शेयरधनीहरुको समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालक संख्या ३ को निर्वाचन गर्ने ।

८. विविध ।

(ख) **विशेष प्रस्तावहरु**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम साविकको संचित मुनाफा तथा २०७३/७४ को संचित मुनाफाबाट कुल चुक्ता पूँजी रु.७४,३२,२८,६२८/६० मा १२ प्रतिशतका दरले बोनश शेयर जारी गर्ने र सो बापत कर प्रयोजनार्थ नगद लाभांश (०.६३ प्रतिशत नगद लाभांश) वितरण गर्ने प्रस्ताव पारित गर्ने तथा बोनश शेयर वितरण गरे पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताब स्विकृत गर्ने ।

२. संस्थाको सातौं बार्षिक साधारण सभाको निर्णय बमोजिम जारि गरेको १०:४.५ प्रतिशत हकप्रद शेयर विक्री बापत प्राप्त भएको रकम र बोनश शेयर प्रदान गरे पश्चात कायम हुन आउने चुक्ता पूँजी रु.८३,२४,१६,०६३/- कायम गरि प्रबन्धपत्र संशोधन गरि संस्थाको जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र तद्अनुरुप हुने गरि तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, समेत बमोजिम हुने गरी संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन, परिमार्जन र थप गर्ने ।

३. यस रिलायन्स फाइनान्स लि.तथा अन्य कुनै बैंक, विकास बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा विलय (एक्वीजिसन) गर्न उपयुक्त देखिएमा मर्जर वा एक्विजिसन गर्न, DDA गर्न, नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिन तथा सो सम्बन्धमा सम्पूर्ण काम गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

४. संस्थाको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने प्रयोजनका लागि, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, समेत बमोजिम प्रबन्धपत्र नियमावली संशोधन गर्ने कार्य तथा गाभिने (मर्जर) तथा एक्विजिसन (विलय) समेतका सम्बन्धमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनैपनि विषयमा संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्नुपरेमा सो कार्यहरु समेत गर्न संस्थाको संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

२ संस्थाको साधारण सभा प्रयोजनार्थ मिति २०७६/०२/१३ देखि २०७६/०२/२७ सम्म संस्थाको शेयरधनी दर्ता पुस्तिका बन्द हुने व्यहोरा अनुरोध छ ।

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. , पुतलीसड्क, काठमाण्डौ ।

RELIANCE FINANCE LIMITED

भवदीय

युज कुमार भैल
कम्पनी सचिव